# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फर्छ्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः ०७५।७६ मितिः २०७५।१२।०८
च.नं.

श्री प्रमुखज्यू,
केदारस्युँ गाउँपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट केदारस्युँ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९५ लाख २१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५० हजार, नियमित गर्नुपर्ने रु.८६ लाख ७६ हजार, पेश्की रु.५ लाख ४५ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ लाख ५० हजार छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०५।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# केदारस्युँ गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा  प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यो गाउँपालीका अर्न्तगत ९ वडा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## केदारस्युँ गाउँपालिका
गांउ कार्यपालिकाको कार्यालय देउरा बझाग

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | २२३,२२९,२२७.९० | |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | १३४,१४३,६१२.७६ | |
| | ख) बैंक | **५,६३५,८८३.२६** | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ०.०० | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | **५२४,२३३.२१** | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | **१७७८५२०००.००** | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | **१३९०७४८३९.००** | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | - | |
| | घ) विशेष अनुदान | ० | | ६ | **कोष खर्च** | १७०,०००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ० | | | क) नगद मौज्दात | ० | |
| | ख) सशर्त अनुदान | ०.०० | | | ख) बैंक मौज्दात | २१,३२४,०९३.८१ | **रू 170000 बैक बढी** |
| | ग) समपूरक अनुदान | ० | | | | | |
| | घ) विशेष अनुदान | **२५२०००.००** | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | **१८५००.००** | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | ० | | | | | |
| | ख) साँवा प्राप्ति | ० | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | | | |
| १० | **धरौटी आय** | ०.०० | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | | | |
| १२ | **अन्य विविध आय (बिभिन्न ब.उ.सि.नं)** | ५५३३९४७९.०० | | | | | |
| | **जम्मा** | **३७८६९६९३४.४७** | | | **जम्मा** | **३७८,८६६,९३४.४७** | |
| संञ्चित कोष मा बैक मैज्दात रू 170000 .00 बढी हुदा फरक | | | | | | | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>दाखिला : लेखापरीक्षण अवधिमा देहाय अनुसारको रु. २०,७५,५२४.८० बेरुजु खाता १५१११ मा दाखिला भएको छ ।
<table>
<tr><th>विवरण</th><th>दाखिला (रु)</th></tr>
<tr><td>शसर्तबाट बाँकी रहेको रकम</td><td>१०५१९६१.८०</td></tr>
<tr><td>शिक्षाको निकाशा विद्यालय खाताबाट फिर्ता</td><td>९२४७६३.००</td></tr>
<tr><td>सामाजिक सुरक्षाको बाँकी</td><td>९८८००.००</td></tr>
<tr><td>जम्मा</td><td>२०७५५२४.८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गरी वित्तिय जवाफदेहिता सुदृढ गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>वजेट पेश गर्ने तथा पारित गर्नेः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>३.</td><td>लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये  अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>४.</td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल खर्च रु. ३५,७३,७२,८४०.०० मध्ये प्रथम चौमासिकमा १६ प्रतिशत, दोश्रो चौमासिकमा २५ प्रतिशत र तेश्रो चौमासिकमा ५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ३४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>कर्मचारी व्यवस्था : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकामा अधिकृत स्तर देखि कार्यालय सहयोगी सम्म १ जना स्थायी र २ जना करारमा गरी ३ जना प्राविधिक र २० जना अप्राविधिक कर्मचारी कार्यरत रहेको देखियो । थोरै वजेटका स– साना कार्यक्रम ठुलो संख्यामा सञ्चालन हुने र अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । साथै गाभिएर आएका कार्यालयका कर्मचारीको दरबन्दी रहने स्थान यकिन भइ नसक्दा गाउंपालिकाको स्थिर दरबन्दी कायम हुन सकेको समेत देखिएन । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति वयवस्थापन गर्नुपर्ने देखिएको छ । | |
| ७. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख आंशिक रुपमा राखेको भएपनि बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको अधिकांश भरपाईमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नहुनाका साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन ।<br>त्यस्तै कार्यालयको स्वामित्वमा रहेका सवारी साधनको वार्षिक वीमा गरेको देखिएन । यसले स्थिर सम्पत्तिको संरक्षणको सम्बन्धमा जोखिम बढाएको छ । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।<br>साथै कार्यालयले भुक्तानी गरेको कतिपय विल भरपाईको भौचर खडा गर्दा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने रकममा समेत कर कट्टी गरेको देखिएन । उक्त भुक्तानी यकिन गरी कर कट्टी  गरेर मात्र भुक्तानी गर्ने व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ८. | **सम्पत्ति लेखांकन :** गाउंपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ९. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले विभिन्न आपूर्तकहरुसँग सामान तथा सेवा खरिद गर्दा अग्रिम आयकर कट्टी गरेको समेत पाइएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णत: पालना गर्नुपर्ने देखिएको छ । | |
| १०. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. तथा गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन ।  साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउंपालिकाका वडाहरुले वितरण गरेको देहायअनुसारको रु. ४,९५,३९ हजार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |

| वडा नं | सामाजिक सुरक्षा रकम | | | जम्मा हजारमा |
|---|---|---|---|---|
| | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक | |
| १,२,३ | ५५८३ | ५५११ | ५४५६ | १६३५० |

| | | | | |
|---|---|---|---|---|
| ४,५ | ३३६५ | ३४४४ | ३०७२ | ९८८२ |
| ६,७ | ३८३२ | ४६८९ | ३८३४ | १२३५५ |
| ८,९ | ३५८८ | ३७१७ | ३६४७ | १०९५२ |
| **जम्मा** | **१६३६८** | **१७३६१** | **१६००९** | **४९५३९** |

माथि उल्लेखित अवस्थाको विश्लेषण गर्दा फागुन मसान्तसम्म र चैत्रदेखि आषाढ मसान्तसम्म वितरण गरेको सामाजिक सुरक्षा भत्तामा घटबढ भएको देखिएको छ । घटबढ हुनाको कारणका सम्बन्धमा सम्बन्धित गाउँपालिका र वडाले यकिन गर्नुपर्ने देखिएको छ । साथै खरिद कार्यमा प्रयोग हुने माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन लगायतका कागजातहरु पूर्ण रुपमा तयार नगरी खरिद गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

११. **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख गर्नुपर्ने गरि महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

१२. **योजना व्यवस्थापन :** वार्षिक गाउंपालिका विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउंपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउंपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउंपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु. ३३,६४,९०,०००.०० को निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ५१ वटा, १ देखि २ लाख सम्मका योजना ४५ वटा, २ देखि ३ लाख सम्मका योजना ६१ वटा, ३ देखि ४ लाख सम्मका योजना १६ वटा, ४ देखि ५ लाख सम्मका योजना १८ बटा, ५ देखि १० लाख सम्मका योजना ३६ वटा र १० लाख भन्दा माथिका योजना २० वटा सञ्चालन गरेको देखिएको छ । ठेक्का संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी ठेक्का व्यवस्थापनमा लाग्नु परेको देखिन्छ । त्यस्तै ठेक्काको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक ठेक्कामा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापनको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउंपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| **विवरण** | **पूजीगत तर्फ** | **सामाजिक विकास** | **भौतिक पूर्वाधार** | **विपद तथा वातावरण व्यवस्थापन** | **जम्मा** |
|---|---|---|---|---|---|
| १ लाख सम्मका | ११ | १६ | २४ | ० | ५१ |
| १ देखि २ लाख सम्मका | १० | १२ | २२ | ३ | ४७ |
| २ देखि ३ लाख सम्मका | १३ | २४ | २० | ४ | ६१ |
| ३ देखि ४ लाख सम्मका | १ | ४ | ११ | ० | १६ |
| ४ देखि ५ लाख सम्मका | २ | ४ | ११ | १ | १८ |
| ५ देखि १० लाख सम्मका | २ | १० | २० | ४ | ३६ |
| १० लाख भन्दा बढिका | १ | ७ | ११ | १ | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल जम्मा | ४० | ७७ | ११९ | १३ | २४९ |

१३. **चालु बाट पूजीगत खर्च :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को अनुमानित व्यय विवरण अनुसार रु. ३३,६४,९०,०००.०० अनुसार स्वीकृत भएका कार्यक्रम अनुसार पूजीगत खर्च तर्फ रु. १३,९०,२५,०००.०० विनियोजन भई सोही अनुसार खर्च भएको छ। नमुनाका आधारमा लेखापरीक्षण गरिएका मध्ये कार्यालयले देहाय अनुसारका कार्यक्रममा कामको परीमाण थप गरी पूजीगत शिर्षकको बजेटबाट केही प्रतिशत मात्र खर्च लेखि बाँकी खर्च चालु बजेटबाट गरेको छ। एउटा प्रकृतिमा विनियोजन गरेको रकम अर्को प्रकृतिको लागी अनुमान गरेको बजेटबाट खर्च गरेको नियमित देखिएको छैन। यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्ने देखिएको छ। ३७३९६१२.००

| भौ. नं. | विवरण | भुक्तानी (रु) |
|---|---|---|
| १४०।०७५।०३।११ | बागथला वखेत भाटसैन सडक | १८९७९६०.०० |
| १४४।०७५।०३।१४ | खिकिरा खा.पा.योजना | २५००००.०० |
| १४६।०७५।०३।१८ | डाडाइजर खा.पा. योजना | ४७४७२०.०० |
| १४८।०७५।०३।१९ | अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी | ५०००००.०० |
| १६४।०७५।०३।२२ | देउरा खा. पा. योजना टैंकी निर्माण | ६१६९३२.०० |
| | **जम्मा** | **३७३९६१२.००** |

१४. **कार्यक्रम सञ्चालन :** गाउँपालिकामा विषयगत कार्यक्रममा खर्च गर्ने गरी निकाशा भई गएको देहायको रकमबाट महिला शसक्तिकरण र महिला सञ्जाल गठन बापत नर्मश अनुसार रु. ८,५१,८५०.०० खर्च भएको छ। विषयगत कार्यालयका कर्मचारीबाट सञ्चालन गर्नुपर्ने कार्य जनप्रतिनिधिबाट सञ्चालन भएको देखिएको छ। यसरी कार्यक्रम सञ्चालन गर्ने अवस्थामा सुधार गर्नुपर्दछ।

| भौ. नं. | विवरण | भुक्तानी (रु) |
|---|---|---|
| १६१।०७५।३।२४ | महिला शसक्तिकरण | ६९६८००.०० |
| १६२।०७५।३।२४ | महिला सञ्जाल गठन | १५५०५०.०० |
| | **जम्मा** | **८५१८५०.००** |

१५. **अनुगमन खर्च :** अर्थ मन्त्रालयले कार्य सञ्चालन निर्देशिका, २०७३ मा अनुगमन खर्च शिर्षकबाट अनुगमन तथा मुल्यांकन कार्य, तत्सम्वन्धि प्रतिवेदन तथा निरीक्षणको लागि हुने खर्च र अनुगमन कर्मचारीको भ्रमण खर्च गर्नसकिने व्यवस्था छ। कार्यालयले देहाय अनुसार १९ पटक गरी १६५ कर्मचमरी तथा पदाधिकारी अनुगमन र भ्रमण गरेको कागजात संलग्न गरी रु. २१,७४,८४४.०० भुक्तानी गरेको छ। अधिकांश भ्रमणमा अनुगमन पछि तयार गर्नुपर्ने प्रतिवेदन, अनुगमनका सुझाव, भएका सुधार र प्रभावकारीता देखिने प्रमाण कागजात सलंग्न भएको देखिएन। अनुगमनलाई योजनाको वास्तविक कार्य अवस्था सुधार तर्फ केन्द्रित गरी खर्चको प्रभावकारीता वृद्धि गर्ने तर्फ ध्यानाकर्षण हुनुपर्ने देखिएको छ।

| क्र. स. | भौ. नं. | संलग्न जनशक्ति | भुक्तानी (रु) |
|---|---|---|---|
| १ | १३।०७४।६।४ | १० | २१२२२०.०० |
| २ | २२।०७४।७।२६ | १४ | ९९१४०.०० |
| ३ | ३६।०७४।८।५ | ५ | ८५९६०.०० |
| ४ | ५२।०७४।१०।१९ | २० | १९६६००.०० |
| ५ | ७०।०७४।१२।७ | ७ | १००८२०.०० |
| ६ | ७३।०७४।१२।२९ | २२ | १८१३४०.०० |
| ७ | ८०।०७४।१२।२९ | ६ | ६०८२०.०० |
| ८ | ८२।०७५।१।५ | ४ | २८९४०.०० |
| ९ | ८८।०७५।१।१४ | ३ | १८८८०.०० |
| १० | ९२।०७५।१।१६ | १४ | १७६१७०.०० |
| ११ | ११२।०७५।२।७ | ४ | २६१८०.०० |
| १२ | १२०।०७५।२।२० | ८ | ९५४१६.०० |
| १३ | १२१।०७५।२।२० | ८ | २८७०००.०० |
| १४ | १२८।०७५।२।२७ | ५ | ३८९१०.०० |

| | | | |
|---|---|---|---|
| १५ | १३४।०७५।३।४ | २ | २१६७०.०० |
| १६ | १४१।०७५।३।१३ | ४ | ४४६२३.०० |
| १७ | १६०।०७५।३।२२ | १० | १६५०२५.०० |
| १८ | १७७।०७५।३।२६ | ११ | ९६४१०.०० |
| १९ | ३५९।०७५।३।३२ | ८ | २३८७२०.०० |
| | **जम्मा** | **१६५** | **२१७४८४४.००** |

१६. **वागथला वखेत सडक :** वागथला वखेत सडक निर्माणका लागि पहिलो पटक रु. १७,२४,६८२.०० को कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको र आर्थिक वर्षको अन्तिम महिनामा पुनः अवण्डा वजेटवाट रु. १७,२०,८५९.०० को कार्य थप समेत गरी साही उपभोक्ता समितिबाट रु. ३४,४५,५४९.०० को कार्य गरेको देखियो । उपभोक्ता समितिको विलको विशलेषण गर्दा सम्पूर्ण कार्य मध्ये २ प्रतिशतले हुने रु. ६८,९१०.८२ को कार्य मात्र स्ट्रक्चर गराई ९८ प्रतिशतले हुने रु. ३३,७६,६३०.१८ को कार्य डोजरको प्रयोगबाट माटो काट्नेमा खर्च गरेको छ । ड्रेन, प्रोटेक्शन वाल जस्ता संरचना नबनाई डोजरको प्रयोग गरी माटो काट्ने कार्य मात्र गरी निर्माण गरेको सडक वर्षात पछि क्षत विक्षत हुने र दिगो नहुने देखिएको छ । माटो काट्ने कामको विषलेषण गर्दा बढी दर प्रति घन मि. ११३५,२६ भएको कडा चट्टान काट्ने कार्यमा मात्र कटिङ कार्यको ६३ प्रतिशतले हुने रु. २६,७४,४२२.०० खर्च भएको छ । कम दर रेट प्रति घन मि ७९.६० भएको कडा माटो काट्ने काममा कटिङ कार्यको १७ प्रतिशतले हुने रु. ७,१६,४४१.८० र नरम चट्टान काट्ने प्रति घन मि २६६.९७ दर भएको कार्यमा १९ प्रतिशतले हुने रु. ८,१५,२९८.३४ खर्च भएको देखिएको छ । यसबाट बढि दरको कार्य बढी र कम दरको कार्य कम परीमाणमा देखाई भुक्तानी भएको देखिएको छ । वर्षातको समय र जनशक्ति अभावको कारण साइटको वास्तविक अवस्थाको जानकारी हुन सकेको नसकेपनी स्ट्रक्चर नवनाइ दिगो नहुने गरी कटिङको कार्य मात्र गर्दा वातावरणिय प्रभाव मुल्यांकन नगरी गरिएका निर्माण कार्यले पहिरो, भु क्षय जस्ता समस्या उत्पन्न गर्ने देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न एकै परिमाणको हुनु, बढी दरका आइटमको भुक्तानी र कार्य प्रतिशत बढी हुनु, विल र कार्य सम्पन्न प्रतिवेदनमा जिम्मेवार पदाधिकारीको दस्तखत नहुनुले हतारमा कार्यसम्पन्न वनाई भुक्तानी दिएको देखिन्छ । वातावरणिय प्रभाव समेतलाई ध्यानमा राखि, निर्माण पूर्व सर्वेक्षण र वास्तविक लागत अनुमान तयार गरेर मात्र निर्माण सम्झौता गरी निर्माण कार्य गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

१७. **ढोडेखेत गण्डकी वजार सडक निर्माण :** गाउँपालिकाले वडा नं. ८ मा देहायमा उल्लेख भए अनुसार तीन चरणमा गरी रु. ७०,३३,७३०.०० खर्च भइसकेको र आ. व. ०७५।०७६ को कार्यक्रममा समेत निरन्तरता पाएको ढोडेखेत गण्डकी बजार सडक निर्माण गर्न कार्यालयले प्राथमिकता दिई निर्माण कार्य अघि बढाएको देखिन्छ ।

| विवरण | भौ. नं. | पेश्की भुक्तानी | थप भुक्तानी | जम्मा भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो प्याकेज माटो काट्ने कार्य | २१/०७४/१२/२९ | ७२६०००.०० | २०१८३८९.१९ | २७४४३८९.१९ | पूजीगत खर्च |
| दोश्रो प्याकेज माटो काट्ने कार्य | ३९/०७५/१/१६ | ७५७०००.०० | १४५१०३५.०० | २२०८०३५.०० | पूजीगत खर्च |
| तेस्रो प्याकेज ग्यावियन कार्य | ११६/०७५/२/२० | ६२७०००.०० | १४५४३०६.०० | २०८१३०६.०० | चालु खर्च |
| | | | **जम्मा** | **७०३३७३०.१९** | |

यस निर्माण कार्यका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१८.१ गाउँसभाबाट स्वीकृत योजना अनुसार पहिलो चरणमा उपभोक्ता समिति सँग सम्झौता भई रु. २७,४४,३८९.१९ को बाटो खन्ने सम्झौता भए अनुसार एस्काभेटरको प्रयोग गरी माटो काट्ने कार्य गरेको उपभोक्ता समितिलेनै गर्ने गरी अवण्डा रहेको रकम र कन्टिजेन्सी वचतको रकमबाट भनी दुई पटक गरी पहिलो पटक माटो काट्ने र दोस्रो पटक ग्यावियनको काम गर्पे सम्झौता गरी एकै उपभोक्ता समितिलाई रु. ७०,३३,७३०.१९ भुक्तानी दिएको देखियो । विस्तृत सर्वेक्षण तथा वातावरणिय प्रभाव मुल्यांकन नगरिएको सडकमा प्राविधिक र वातावरणिय प्रभाव मुल्यांकन नगरी सडक खन्ने कार्य गर्दा थप वातावरणिय क्षति हुनुका साथै निर्माण कार्य समेत दिगो नहुने देखिएको छ । काम एस्काभेटरको सहायताले गर्नुपर्ने र प्राविधिक परार्मश आवश्यक पर्ने कार्यमा उपभोक्ता

| | | |
|---|---|---|
| | समितिलाई चरणवद्ध रुपमा काम लगाउदा सडक निर्माणको प्राविधिक पक्ष समेत ओझेलमा परेको छ । यस्तो अवस्थामा सुधार हुनुपर्दछ । साथै एकै पटक डिजाइन र इष्टिमेट गरी गर्नुपर्ने कार्य टुक्रा टुक्रा गरी कामको गुणस्तरमा समेत असर पर्ने देखिएको छ । | |
| १८.२ | लागत अनुमान वरावरकै परीमाणमा कार्य भई सडक खन्ने कार्य गरी रु. २६,३६,८४९.०० दोस्रो चरणको कार्यमा भुक्तानी गरेकोमा कडा चट्टानको कार्यमा २५ प्रतिशतले हुने ६,६१,१९९.०० मध्यम चट्टान काट्ने कार्यमा १४ प्रतिशतले हुने रु.३,८२,२००.२६ र कडा चट्टान काट्ने कार्यमा ६१ प्रतिशतले रु. १५,९३,४५०.०० को नापी गरी भुक्तानी दिएको देखियो । विस्तृत सर्वेक्षण नगरेको कार्यमा लागत अनुमानकै वरावरको कार्य भएको देखाई भुक्तानी गरेको वास्तविक देखिएको छैन । प्रति घन मिटर बढी दर रु. ११३३.८१ भएको कार्य वढी गरेको देखाई समितिलाई भुक्तानी दिएको अवस्थाले अवास्तविक लागत अनुमान तयार गरी वढी दरको कार्य वढी भएको देखाई भुक्तानी गरेको देखिएको छ । वढी दरको कार्य वढी परिमाणमा गरेको देखाई निर्माण कार्य फरफारक गरेको देखाई भुक्तानी गरेको नियमित देखिएको छैन । फिल्ड अवस्था समेतको अनुगमन गरी वास्तविक अवस्था समेत यकिन गर्नुपर्ने देखिएको छ । | २६३६८४९.०० |
| १८.३ | कति लामो सडक खन्ने पूर्वानुमान नगरी पहिलो र दोस्रो चरणमा समेत गरी रु. ४९,५२,४२४.१९ को माटो काट्ने कार्य गरीसकेपछि मात्र अवण्डा वाट व्यवस्था गरी उही उपभोक्ता समिति मार्फत रु. २०,८१,३०६.०० को ग्यावियनको कार्य गराएको देखियो । विष्तृत लागत अनुमान तयार नगरी सँग सँगै गर्नुपर्ने कार्य समेत विभिन्न चरणमा फरक फरक गरी गर्दा लागत वृद्धि हुने र काममा दोहरोपना आउनसक्ने अवस्था समेत देखिएको छ। यस्तो प्रवृतिमा सुधार हुनुपर्ने देखिएको छ। | |
| १८. | **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफौँले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसवयी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । कार्यालयले देहायमा उल्लेख भए अनुसार वागथाला वखेत भाटसैन सडक सर्भेको लागि उपभोक्ता समिति संग मिति २०७५।०१।१२ मा रु. ८,००,०००.०० र २०७४।११।२२ मा बु.न.पा. देखि पाती हाल्ना सडक सर्भेका लागि रु. १५,००,०००.०० समेत गरी रु. २३,००,०००.०० को सम्झौता गरी काम लगाएको देखियो । उपभोक्ता समितिले सोही कार्य पुनः अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्शन प्रा. लि. संग सोही रकममा कार्य सम्पन्न गर्ने गरी मिति २०७५।०१।०७ मा सम्झौता गरेको देखियो । उपभोक्ता समिति संग कन्सल्टेन्टले गरेको सम्झौताको आधारमा कन्सल्टेन्टको विजक संलग्न गरी गो. भौ. नं. २८५।०७५।०३।१९ बाट रु. १५,००,०००.०० र गो.भौ. नं. २८५।०७५।०३।१९ बाट रु. ८,००,०००.०० समेत उपभोक्ता समितिलाई सम्भौता अनुसारको जम्मा रु. २३,००,०००.०० भुक्तानी भएको छ । नियमावलीको यसै नियममा उपभोक्ता समितिले आफैँले काम सम्पन्न गर्न नसकेमा सार्वजनिक निकायलाई जानकारी दिने र सार्वजनिक निकायले सम्झौता तोडी सो काम ऐन र नियमावलि वमोजिम गराउनुपर्ने व्यवस्था भएपनि उपभोक्ता समितिले आफुले गर्न नसक्ने कार्यको जानकारी नदिई परामर्शदातासंग सम्झौता गरेको देखिएको छ । नियम १३ (क) मा यस्तो अवस्थामा सार्वजनिक निकायले सम्झौता रद्द गर्नुपर्ने, समितिलाई भविष्यमा त्यस्तो काम गर्न नदिने र निर्माण व्यवसवयीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने व्यवस्थाको पालना नगरी कार्य गरेको नियमित देखिएको छैन । यस सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । | २३०००००.०० |

| भौ. नं. | विवरण | उपभोक्ता समिति | परामर्श सेवा प्रदायक | भुक्तानी (रु) |
|---|---|---|---|---|
| २८५।०७५।०३।१९ | वागथला वखेत भाटसैन सडक सर्भे | वागथला वखेत भाटसैन ग्रामीण सडक उ. स. | अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्शन प्रा. लि. | ८०००००.०० |
| २८६।०७५।०३।१९ | वु. न. पा. देखि पातिहाल्ना सडक सर्भे | वु. न. पा. पातिहाल्ना भामचौर सडक निर्माण उ. स. | अल सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्शन प्रा. लि. | १५०००००.०० |
| | | | **जम्मा** | **२३०००००.००** |

| | | |
|---|---|---|
| १९. | **नीतिगत व्यवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिकाले अधिकार क्षेत्रभित्रका विषयमा वनाएको ऐनको अधिनमा रहि निर्देशिका र कार्यविधि बनाउन सक्ने, उक्त कानुन स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने साथै प्रदेश सरकार र नेपाल सरकारमा पठाउनुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानुन लागु नहुने समेतको व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसारका नीतिगत व्यवस्था गरी खर्च गरेकोमा ती नीतिगत व्यवस्था राजपत्रमा प्रकाशन गरेको छैन । राजपत्रमा प्रकाशन नभई र प्रदेश सरकार र नेपाल सरकारमा नपठाईएको निर्देशिकामा आधारित भई गरेको खर्च नियमित देखिएको छैन । | |
| १९.१ | प्राविधिक कर्मचारीको फिल्ड सुविधा सम्बन्धि कार्यविधि, २०७४ मिति २०७४।०८।१५ मा स्वीकृत गरी अधिकृतस्तर इन्जिनियर कर्मचारीलाई मासिक रु. २१,०००.०० तथा असिस्टेण्ट र सव असिस्टेण्ट इन्जिनियरलाई मासिक रु. १५,०००.०० फिल्ड सुविधा उपलब्ध गराउने व्यवस्था गरी यस वर्ष १ इन्जिनियर र २ सव इन्जिनियरलाई साविकको तलव भत्ताको अतिरिक्त ८ महिनाको रु. ४,०८,०००.०० फिल्ड सुविधा भुक्तानी गरेको देखियो । फिल्ड गएको दिनको दैनिक भ्रमण भत्ता समेत प्रदान गरेको अवस्थामा दोहरो हुने गरी केही कर्मचारीको मात्र सुविधा वृद्धि गर्ने गरी भुक्तानी गर्दा अन्य कर्मचारीको उत्प्रेरणामा असर गर्ने र अन्य कार्यालयका सोही अनुसार काम गर्ने कर्मचारी भन्दा वढि सुविधा प्रदान गर्ने गरी निर्णय गर्दा तलव तथा पारिश्रमिक निर्धारणको समान कार्यको लागि समान तलवको मान्यता अनुकुल भएको देखिएन । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |
| १९.२ | गाउँपालिकाले विपद् उद्धार तथा राहत वितरण सम्वन्धि मापदण्ड, २०७४ स्वीकृत गरी न्यूनतम मौजदात रु. १०,००,०००.०० कायम हुने प्राकृतिक प्रकोप तथा राहत उद्धार कोष खडा गरी खर्च लेखेको छ । राजपत्रमा सूचना प्रकाशन नभएको मापदण्डको आधारमा खर्च लेखेको नियमित देखिएको छैन । | |
| १९.३ | गाउँपालिकाको निर्णयको माइन्यूट अध्ययन गर्दा योजनाको अनुगमन र अन्य काममा जाने जन प्रतिनिधि र कर्मचारीलाई फिल्ड खटिडा १५ कि. मि. भन्दा कम दुरिका लागि प्रति दिन रु १,०००.०० र १५ कि. मि. भन्दा माथिको दुरिका लागि नेपाल सरकारका नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय भएको र सोही आधारमा यस वर्ष रु. २१,७४,८४४.०० भ्रमण खर्च भुक्तानी भएको देखियो । यसबाट समान जिल्ला र नजिककम स्थानमा भ्रमण गर्दा समेत अनुगमन खर्च पाउने देखिएको छ । उक्त व्यवस्था भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ भन्दा भिन्न र वढी सुविधा प्रदान हुने किसिमको देखिएको छ । फरक फरक सुविधा पाउने गरी निर्णय गर्दा कर्मचारी कर्मचारी र पदाधिकारी पदाधिकारी विच अनुगमन तथा भ्रमणमा पाउने सुविधामा पृथकता देखिने अवस्था सृजना भएको देखिन्छ । नियमावलीको आसय अनुसार एकरुपता कायम गर्ने गरी निर्णय तथा खर्च व्यवस्थापन गर्नुपर्ने देखिएको छ । | |
| १९.४ | गाउँपालिकाले उपभोक्ता समितिको क्षेत्र भन्दा वैंक टाढा भएको आधारमा त्यस्ता उपभोक्ता समितिलाई निर्माण कार्य गर्न सम्झौता पछि पेश्की नदिने र कार्य सम्पन्न पश्चात समितिको निर्णयका आधारमा रु. १,००,०००.०० सम्म व्यक्तिको नाममा चेक काटी भुक्तानी दिन सक्ने निर्णय गरेको देखियो । उक्त व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को रु. ५० हजार भन्दा वढीको कारोवार गर्दा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्थासंग वाझिएको देखिएको छ । केन्द्रिय नियमावलीसंग नवाझिनेगरी नीतिगत निर्णय गर्नुपर्ने देखिको छ । | |
| २०. | **नाफामुलक संस्थालाई अनुदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा पर्याप्त आधार तथा प्रमाणका आधारमा मात्र भुक्तानी दिनुपर्ने तथा खर्च लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । कार्यालयले कालिका सामुदायिक कृषि सहकारी संस्था लि. लाई व्यवस्थापन खर्च रु. ५०,०००.०० अनुदान दिएको पाइयो । रकमबाट कृषकको के कस्तो आयमूलक कार्यमा खर्च व्यवस्थापन गर्ने हो, खर्च सदुपयोग हुने शुनिश्चिततताको आधारमा मात्र अनुदान रकम उपलब्ध गराउनुपर्नेमा गरेको देखिएन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ । | |
| २१. | **खरिद व्यवस्था :** सार्वजनिक खरिद खरिद ऐन, २०६३ दफा ६ मा खरिद योजना तयार गर्नुपर्ने र दफा ६(क) मा मौजुदा सूची तयार गरी खरिद गनुपर्ने व्यवस्था छ । गाउपालीका | २५००००.०० |

वडा नं. ९ ले स्वीकृत खरिद योजना अनुसार कार्यक्रममा समावेश गरी समयमै खरिद गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा सोझै खरिद गरी मौज्दातमा राखेको छ। महालिङ्ग ट्रेर्डस, धनगढीको विजक नं. २२/२०७५/२/२२ बाट ढुवानी समेत रु. २,५०,०००.०० को एच. डि. पि. ई. पाइप खरिद गरेकोमा सम्बन्धित योजनामा जडान गरेको नापी किताब लगायतको प्रमाण पेश भएको छैन । सामान मौज्दात काायम गर्ने गरि आर्थिक वर्षको अन्त्यमा खरिद गरेको उपयुक्त देखिएन । सामान जडान गर्न सकिने समायवधि कायम गरेर मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

२२. **विऊ बोका वितरण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४ को नियम ९ मा उल्लेखित रित प्रकृया पुगेपछि मात्र भुक्तानीको लागि सिफारिस एवं भुक्तानी आदेश दिनुपर्ने व्यवस्था छ । कार्यालयले आकाश बाखा फर्मको विजक नं. ५९/२०७५/२/२६ संलग्न गरी सात थान विउ बोका खरिद तथा ढुवानी समेतको रु. १,६५,४००.०० भुक्तानी गरेको देखियो । खरिद भएका बोकाको निरोगिताको स्वास्थ्य परिक्षण प्रमाण, जोखिम न्युनिकरणको लागि पशु स्वास्थ्य विमा, कार्यालयको अनुदान खुल्ने ट्याग तथा सञ्चालन कार्यविधि स्वीकृत वेगर हस्तानतरीत वस्तुगत सहायताको सदुपयोग एवं जोखिन न्युनिकरणको आधार निश्चित हुन सकेन ।

२३. निजामती सेवा नियमावली, २०५० मा पारित तलवि प्रतिवेदन अनुसार ग्रेड भुक्तानी गर्नुपर्ने तथा भ्रमण खर्च नियमावली, २०६४ मा स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण गरी खर्च लेख्नुपर्ने साथै आयकार ऐन, २०५८ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने लगायतको व्यवस्था छ । कार्यालयबाट देहाय अनुसारको भुक्तानीमा स्थानीय भत्ता बढि भुक्तानी भएको, निमित्त भत्ता बढि भुक्तानी भएको साथै भ्रमण आदेश वेगर भ्रमण खर्च लेखेको गरी रु. ५०,५६९.०० बढि भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षणले कायम गरेका व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको छ । ५०,५६९.००

| गो. भौ नं. | व्योहरा | सम्बन्धित ब्यक्ति | असुल गर्नुपर्ने (रु) |
|---|---|---|---|
| २० | नाला निर्माण | देउरा वजार नाला निर्माण उ.स. | ७३५९.०० |
| ९० | बढी दैनिक भ्रमण भत्ता | श्री ललित मल्ल | १०५६०.०० |
| ९० | बढी दैनिक भ्रमण भत्ता | श्री नर बहादुर कडायत | ९०००.०० |
| ३६३ | बढी दैनिक भ्रमण भत्ता | श्री नर बहादुर कडायत | ८६५०.०० |
| ४० | अग्रिम कर | प्रबुद्ध फामेंशी | २०००.०० |
| ३६ | बढी दैनिक भ्रमण भत्ता | श्री नर बहादुर कडायत | ८६२०.०० |
| ७३ | बढी दैनिक भ्रमण भत्ता | श्री उत्तम भण्डारी | ४३८०.०० |
| | | **जम्मा** | **५०,५६९.००** |

२४. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२ (३) मा दिएको पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ । ५४४५००.००

| क. सं. | उपभोक्ता समिति | वडा नं. | पेश्की (रु) |
|---|---|---|---|
| १ | कालापानी लघु जलविद्युत योजना | ७ | ८२५००.०० |
| २ | जुइल झाडपनेरा घोडेटो बाटो | ९ | ८२५००.०० |
| ३ | कालंगाखोला लघु जलविद्युत योजना | १ | ३७९५००.०० |
| | **जम्मा** | | **५४४५००.००** |

२५. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ५० हजार, नियमित गर्नुपर्ने रु. ८६ लाख ७६ हजार, पेश्की रु. ५ लाख ४५ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ लाख ५० हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन ।

२६. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको छैन । (रु हजारमा)

| | | |
|---|---|---|
| | <table><tr><td>गत वर्षको बेरुजु रकम (रु)</td><td>यो वर्ष फछ्र्यौट(रु)</td><td>बांकी (रु)</td></tr><tr><td>१९३४</td><td>०</td><td>१९३४</td></tr></table> | |
| २७. | **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :<br><table><tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©</td><td>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</td><td>यो वर्षको कायम बेरुजू रु. (E)</td><td>बाँकी (F=C+D+E)</td></tr><tr><td>१९३४</td><td>०</td><td>९५२१</td><td>११४५५</td></tr></table> | |

अनुसूची– १७

## स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय
### आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बझाङ | केदारस्यू गाउँपालिका | २५ | ६ | ९५२१ | ० | ० | ० | २५ | ६ | ९५२१ | ५० | ८६७६ | २५० | ० | ० | ८९७६ | ० | ५४५ | ५४५ |

अनुसूची- १

## स्थानीय तह सञ्चित कोष विवरण
### आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | केदारस्यू गाउँपालिका | बझाङ | ५६३६ | १७७८५२ | १३९०७५ | ५६१३४ | ३७३०६१ | २२३२२९ | १३४१४४ | ० | ३५७३७३ | २१३२४ |